उन्नाईसौं गाउँसभामा गाउँपालिका अध्यक्ष **श्री विश्वनाथ पौडेलद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

## आँधीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कृषि, स्याङ्जा

*मितिः २०८३ असार ५ गते शुक्रवार*

**आँधीखोला गाउँपालिकाको सम्मानित उन्नाईसौं गाउँ सभामा उपस्थित सभाका उपाध्यक्ष ज्यू, ,सभा सदस्य ज्यूहरु, सभा सचिव ज्यू, कर्मचारी मित्रहरु,सञ्चारकर्मी साथीहरु र यस ऐतिहासिक गरिमामय सभालाई नियाली रहनु भएका आँधीखोलावासी दाजुभाई दिदीबहिनीहरु लगायत देश विदेशमा रहेर हामीलाई प्रत्यक्ष प्रशारण मार्फत सुनिरहनु देखिरहनु भएका सम्पूर्ण महानुभावहरु ।**

सर्वप्रथम,

नेपालको व्यवस्था र जनताको अवस्था परिवर्तनको लागि आन्दोलनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने अग्रज महानुभावहरुप्रति स्मरण गर्दै शासन प्रणाली परिवर्तनको उत्कट आकङ्क्षा सहित अमूल्य जीवन उत्सर्ग गर्नुहुने प्रात: स्मरणीय महान शहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

आकस्मिक रुपमा २०८२ साल भाद्र २३ र २४ गतेका दिन भएको विद्रोह र त्यसपछि फाल्गुण २१ गते भएको आम निर्वाचनका कारण हामीले धेरै चुनौति र संरचनाको विनासलाई व्यहोर्नु पर्दा पनि सुझवुझ पूर्ण व्यवहार र असहज परिवेशमा पनि निरन्तर पालिका र वडामा रहेका जनप्रतिनिधी तथा कर्मचारीको निरन्तरको उपस्थिति र संयम्ताले हाम्रा संरचनाहरुमा कुनै पनि क्षति नपुगेको तथा राज्यका भौतिक सम्पत्ति र संस्थागत स्मृतिहरुलाई जस्ताको त्यस्तै राखी भावी सन्ततीको सम्पत्ति संरक्षण गर्न सहयोग गर्नुहुने आमजनसमुदाय, जनप्रतिनिधी र कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नेपालको संविधानले सुनिश्चित गरेका प्रावधान कार्यान्वयनमा लैजाँदै सम्वत् २०७९ साल वैशाख ३१ गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट तपाई हामीले आँधीखोला गाउँपालिकाको स्थानीय सरकारको जिम्मेवारी बहन गरेको चौथो वर्ष पूरा भई नागरिकसँग गरेको करार वमोजिमको समयावधि उत्तरार्धको चरणमा रहेको छ ।आज आँधीखोलावासी आम समुदायको समुन्नति र प्रगतिको रेखांकन गर्न सम्मानित उन्नाईसौ सभामा उपस्थित भएर स्थानीय सरकारको नीति तथा कार्यक्रम बनाउने मात्र नभएर आफ्ना लागि आफैं कानून बनाई कार्यान्वयन गर्ने उच्चतम् अभ्यासमा क्रियाशिल छौं ।

सिंहदरबारमा रहेका अधिकार र जनजिविकाको सवालहरुलाई आम वर्ग र समुदायले अनुभूति गर्न सक्ने गरी स्थापित गराउने गहन जिम्मेवारी हामी माझ साझा चुनौतीको रुपमा रहेको छ। हाम्रो सिमित साधन र श्रोतवाट असिमित रुपमा रहेका जनआकांक्षालाई पुरा गर्ने चुनौतिलाई अवसरको रुपमा उपयोग गर्दै अगाडि बढ्नु हाम्रो लक्ष्य रहेको छ। साथै नागरिक सर्वोच्चता, स्वतन्त्रता,सुशासन र सहकार्यमा जिम्मेवारी पुरा गर्न सह-अस्तित्वमा आधारित संघीय, प्रादेशिक तथा छिमेकी पालिकासँगको समन्वयमा हामीले तय गरेका कानुनी, राजनीतिक र सामाजिक आकांक्षालाई समेत टेवा पुर्याउने दायित्व हामी सामू रहेको छ ।साथै जस अपजसको साझा जिम्मेवारी समेत हामी सबैको रहने छ।

प्रस्तुत नीति तथा कार्यक्रम आँधीखोलाको आवश्यकता, स्थानीय जनताको चाहाना र हाम्रो सामर्थ्यमा आधारित छन् भन्ने हाम्रो सामुहिक प्रतिबद्धता हो।नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४,नेपाल सरकारले जारी गरेको सुशासन सम्वन्धी कार्ययोजना, संघीय सरकार र प्रदेश सरकारका नीति, कानुन, मापदण्ड, तिन वटै तहका आवधिक विकास योजना, गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, पालिकको स्रोत साधनको अवस्था तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७९ ले मार्गदर्शन गरेका विषयलाई मुख्य आधार बनाएर नीति तथा कार्यक्रम तय गरिएको छ। सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवधारणा अनुरुप गाउँ बस्ती, टोल हुँदै वडा समिति र विषयगत समितिका बैठक, राजनीतिक दल, शिक्षक, विद्यार्थी, कृषक, समाजसेवी, आम बुद्धिजीवी, विषय-विज्ञ सहितको छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावरको आधारमा संघीय र प्रादेशिक सरकारका लक्ष्य र उद्धेश्य तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धता, मानवअधिकार, दिगो विकासका लक्ष्य तथा नेपालपक्ष भएका सन्धि सम्झौता लगायतका विषयलाई समेत आत्मसात गरी आ. व. २०८३/०८४ को लागि बार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।

**"कृषि, पर्यटन, समुन्नत आँधीखोलाको आधार, सेवा विकास सुशासन र समृद्धि नै हाम्रो कार्यभार" भन्ने** परिकल्पनालाई सार्थक बनाउन प्रस्तावित नीति तथा कार्यक्रमले **"समृद्ध गाउँपालिका"** निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

यो नीति तथा कार्यक्रम तयार पार्दा हामीले यहाँको माटोको सुन्ध, यहाँका कृषकको पसिना र आँधीखोलाको समृद्धिको सपनालाई केन्द्रमा राखेका छौ । सम्मानित उन्नाईसौ गाउँ सभासम्म आईपुग्दा विगतका योजना तथा कार्यक्रमले हामीलाई एउटा समुन्नत आँधीखोला निर्माणका आधारहरु तयार गरेको छ। जसको पुष्टाई विभिन्न मानकहरुले संस्थागत गरिसकेका छन् । प्रस्तावित नीति तथा कार्यक्रममा क्रमागत आयोजनालाई निरन्तरता दिईएको छ। आम जनसमुदाय, संघ, संस्था तथा राजनीतिक दलहरुको सल्लाह र सुझाव बमोजिम कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, खानेपानी,पूर्वाधार निर्माण, फोहोरमैला व्यवस्थापन र रोजगारीलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तय गर्नु र सो बमोजिमको पर्याप्त स्रोतको प्रवन्ध गर्नु हाम्रो अर्जुनदृष्टि हो। आम समुदायको अपेक्षा, माग र चाहाना समेत रहेका विषयमा हामीलाई प्रत्यक्ष संवाद, भेटघाट, अन्तरक्रिया, टेलिफोन, ईमेल, मेसेन्जर वा अन्य विद्युतीय माध्यमबाट प्राप्त महत्वपूर्ण सुझाव प्रदान गर्नु हुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै उक्त सुझावहरु समेतलाई आत्मसात गर्दै आर्थिक वर्ष २०८३/०८४ का वार्षिक नीति तथा कार्यक्रम यो सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु ।

**आदरणीय गाउँसभा सदस्य ज्युहरु,**

अब, म उन्नाईसौं गाउँसभामा प्रस्तुत आगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमहरु निर्माण गर्नका लागि "कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा, विकास, सुशासन र समृद्धि नै हाम्रो कार्यभार" भन्ने मूल नारालाई आत्मसात गर्दै संमृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ विषय क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## स्पष्टोक्ति

निम्न उल्लेखित क्षेत्रगत नीतिहरु गाउँपालिकाले सञ्चालन गर्दा कार्यक्रम कार्यतालिका बनाई कार्यान्वयन गर्नेछ। गाउँपालिकाको आर्थिक र सामाजिक विकासको क्षेत्रमा मार्गदर्शनको रुपमा रहेका यी क्षेत्रगत नीतिहरु गाउँपालिकाको आन्तरिक एवं बाह्य स्रोतको पर्याप्तताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

आम नागरिकको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउदै **"हाम्रो परिकल्पना, समुन्नत पालिकाको स्थापना"** गर्नु नै हाम्रो वास्तविक परिकल्पना हो,यो साकार पार्न देहाय बमोजिमका क्षेत्रगत नीति अवलम्बन गरिनेछ ।

## क. आर्थिक विकास

### १.कृषि

- कृषकलाई प्रोत्साहन गर्न उत्पादित वस्तुहरुलाई उत्पादनका आधारमा अनुदानका कार्यक्रमसँग आवद्ध गरिदै लगिनेछ ।
- लागत साझेदारीका आधारमा प्रत्येक कृषकको खेतवारी र गोठसम्म प्रविधि, यान्त्रीकरण र वजारीकरणमा साझेदारीका कार्यक्रम सञ्चालन गरिनेछ ।
- "आँधीखोलाको पहिचान सुन्ताला कागती अभियान" बाँझो जमिन र झाडी भएको स्थानको सदुपयोग गर्न पालिकाको साझेदारीमा मागमा आधारित विशेष गाउँ फर्क तथा कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषिमा दिईने अनुदान प्रणालीलाई व्यवस्थित, पारदर्शी र कृषक मैत्री बनाउन जोड दिइनेछ। कृषि विकास सम्बन्धी कार्यक्रम मार्फत उत्पादन, आयआर्जन र रोगगारी प्रबर्द्धनमा टेवा पुर्याईनेछ।
- कृषि उत्पादन वृद्धि र व्यवसायीकरणका लागि लागत साझेदारीमा टनेल घर, प्रविधिको विस्तार तथा कृषि यान्त्रीकरणको प्रवर्द्धन गर्दै आधुनिक, लागत—प्रभावकारी र श्रम—सहज कृषि प्रणाली विकास गरिनेछ।
- राष्ट्रिय फल सुन्तालाको उत्पादन र उत्पादकत्व वृद्दि गर्न भूगोल सुहाउँदो नयाँ तथा पुराना बगैंचाहरु सुदृढीकरण गुणस्तरीय विरुवा रोपण कार्यलाई प्रभाबकारी रुपमा सञ्चालन गरिनेछ।

- किसान सूचीकरण कार्यलाई निरन्तरता दिँदै किसान परिचयपत्रलाई कृषि क्षेत्रमा प्रदान गरिने सेवा, सुविधा तथा सहुलियतसँग आवद्ध गरिनेछ। कृषि सेवा तथा सहुलियत प्रणालीलाई डिजिटलाईजेसन गरी सर्वसुलभ, पारदर्शी र प्रभावकारी बनाइनेछ। साथै साना तथा सिमान्तकृत किसान लक्षित विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ।
- खाद्यान्न, तरकारी तथा फलफूलको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि उत्पादन क्षेत्र र समुदायमा दिगो तथा भरपर्दो सिँचाइ पूर्वाधार निर्माण, विस्तार, मर्मतसम्भार र साना सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ।
- माटो परीक्षण तथा सुधार कार्यक्रम सञ्चालन गरी आवश्यक प्रविधि र सामाग्री हस्तान्तरण गरिनेछ। साथै, रोग—किरा पहिचान, नियन्त्रण तथा विपद् एवं महामारीजन्य प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि बाली शिविर, प्रयोगशाला सेवा र आकस्मिक बाली उपचार कार्यक्रम सञ्चालन गरिनेछ।
- रैथाने तथा स्थानीय बालीको संरक्षण, उत्पादन, व्यवसायीकरण, ब्राण्डिङ र निर्यात प्रवर्द्धन गर्दै पोषणयुक्त तथा गुणस्तरीय खाद्यान्नको उत्पादन र उपभोगलाई प्रोत्साहन गरिनेछ।
- प्राङ्गारिक कृषि उत्पादन र प्रवर्द्धन गर्नको लागि IPM पद्दती, कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिनेछ।
- अकबरे खुर्सानी, केरा, कुरीलो, सुन्तला, किवी, सिप्लिकान कफी कागती लगायतका बजारमा माग बढी भएका तरकारी तथा फलफूलका नर्सरी निर्माण गरी बेर्ना उत्पादन, वितरण र ब्यवसायिक खेतीका लागि उत्प्रेरीत गरिनेछ।
- आँधीखोला गाउँपालिकामा रहेका जडीबुटीहरूको पहिचान, संकलन, उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ।
- आम किसानको प्रमुख समस्या बनेको बाँदर नियन्त्रणलाई विशेष प्राथमिकताका साथ प्रभावकारी कानुन निर्माणका लागि सरकारी निकायसँग समन्वय गरिनेछ।
- घरमै रोजगारी र आयआर्जन अभिवृद्धिका लागि महिला मैत्री मौरीपालन, च्याउखेती तथा पुष्प व्यवसाय प्रवर्द्धन गरिनेछ। साथै, बहुउपयोगी मह उत्पादन र मौरीजन्य सामग्रीको स्थानीय स्तरमै उत्पादन तथा उद्योग स्थापनालाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिका भित्र उत्पादन हुँदै आएका विभिन्न तरकारी तथा फलफुललाई कोल्ड स्टोरमा भण्डारण गरि मुल्य अभिवद्धि गर्नलाई निरन्तरता दिइनेछ।
- कृषि तथा पशुपंक्षी क्षेत्रमा हावाहुरी, असिना, बढी, पहिरो, आगजनी जस्ता विपत बाट हुने क्षेतिलाई न्युनिकरण गर्नका निमित पालिकाको विपद व्यस्थापन कोषद्वारा राहत प्रदानका कार्यक्रम सञ्चालन ल्याइनेछ।

- बढ्दो बजारको मागलाइ सम्बोधन गर्न एक वडा एक प्रमुख बालि उत्पादन कार्यक्रम र एक वडा एक सामुदायिक नर्सीरि स्थपना कार्यक्रमलाइ प्राथमित्का दिइनेछ।
- "कित आफै खेती गरौ, नभए जग्गा लिजमा दिऔ" भन्ने निति बनाइ भूमि बैङ्कको स्थापना गर्ने कार्यक्रमलाई  प्राथमिकता दिइने छ।
- माटोको उर्वराशक्ति बढाउन,वातवरण र जैविक विविधता संरक्षण गर्ने प्रयोजनको लागि रासायानिक विषादीको न्युनिकरण गर्नको लागि जैविक विषादी, घरेलु विषादी,वानस्पति विषादी उत्पादन गर्ने कार्यक्रमलाइ प्राथमिकता दिइने छ।
- स्थानीय तहलाइ  सुन्तलाजात, किवी, ड्रागन फ्रूट, एभोकाडो लगायतका फलफूलमा दिगो, प्रतिस्पर्धी तथा आत्मनिर्भर बनाउन कम्तिमा तीन वर्षसम्म बिरुवा सङ्ख्याको आधारमा प्रोत्साहन उपलब्ध गराउने गरी एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि सहकारी संस्थालाई कृषिको उत्पादन र बजारीकरणमा संलग्न गराई उत्पादन वृद्धि गरिनेछ।
- स्थानीय तहमा तुलानात्मक लाभ भएका बाली पहिचान गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै उद्योग क्षेत्रको विकास र विस्तार तथा उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा जोड दिइनेछ।
- कृषकको हितको लागि लागत कम, उत्पादन बढाइ “आर्थिक सम्बृद्धिको लागि बेमौसमी तरकारी खेती कार्यक्रम” सञ्चालन गरिनेछ।
- व्यवसायीक रुपामा खेती गर्दै आएका र कृषिजन्य बस्तुको निर्यात प्रबर्द्धनमा टेवा पुर्याउने कृषकलाई अझै बढी उत्प्रेरित गर्न" कृषक सम्मान कार्यक्रम" सञ्चालन गरिनेछ।
- "गाउँको कृषिः पालिकाको समुन्नति" को अवधारणालाई आत्मसात् गर्दै कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्याङ्कको अद्यावधिक, अभिलेखीकरण र डिजिटल व्यवस्थापनलाई सुदृढ गरी स्थानीय उत्पादनको बजार पहुँच, न्यायोचित मूल्य सुनिश्चितता तथा कृषि सेवाको प्रभावकारी प्रवाहका लागि कृषि सूचना तथा बजार व्यवस्थापन प्रणाली (कृषि एप) विकास एवं सञ्चालन गरिनेछ।
- सामुहिक खेती प्रणालीलाई प्रबर्द्धन  गरे नीति अवल्मवन गरिनेछ ।

**२.पशु सेवा**

- "जीवित प्राणीको अधिकारः समयमा स्वास्थ्य उपचार" भन्ने नारालाई आत्मसात गर्दै पशुपंक्षी उपचार, कृत्रिम गर्भाधान तथा परामर्श सेवालाई थप प्रभावकारी बनाउँदै दिइनेछ। साथै, आपतकालीन पशुजन्य रोगहरूको पहिचान तथा निदानका लागि आवश्यकता अनुसार आधारभूत भेटेरिनरी प्रयोगशाला सेवाको विस्तार तथा सुदृढीकरण गरिनेछ।

- पशु स्वास्थ्य सेवा तथा पशुपालन क्षेत्रको विकासका लागि मागमा आधारित तालिम, स्थलगत पशु स्वास्थ्य शिविर, तथा विभिन्न पशुपंक्षी दिवसका अवसरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- दुग्ध उत्पादनमा संलग्न कृषकलाई प्रतिस्पर्धी, व्यवसायिक तथा आत्मनिर्भर बनाउन उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपालनमा लागत घटाई पशुजन्य उपज वृद्धि गर्न स्थानीय वातावरण अनुकूल उन्नत जातका भुइँ तथा डाले घाँसको विकास तथा विस्तारलाई प्राथमिकता दिइनेछ।
- कृषि तथा पशुपालन पेशालाई सम्मानजनक, व्यवसायिक र आकर्षक बनाउँदै आधुनिकीकरण, यान्त्रीकीकरण, औद्योगिकीकरण, विविधीकरण तथा बजारीकरणमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ।
- गुणस्तरीय पशुजन्य उपज प्रवर्द्धनका लागि लागत साझेदारीमा गोठ, खोर, भकारो तथा मलखाद सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- रेविज, खोरेत लगायत पशुपंक्षीमा लाग्ने महामारीजन्य रोगहरूको नियन्त्रण तथा रोकथामका लागि खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सीमान्तकृत, विपन्न तथा उत्कृष्ट कृषकहरूलाई प्रोत्साहन गर्न "कृषक सम्मान कार्यक्रम" सञ्चालन गरिनेछ।
- पशुपन्छी क्षेत्रमा जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दिगो उपयोगलाई प्राथमिकता दिँदै रैथाने, लोपोन्मुख पशुपंक्षीको संरक्षण, विस्तार तथा व्यवसायीकरणलाई प्रोत्साहन गरिनेछ।
- पशुजन्य उत्पादनको सुरक्षित उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि दुग्ध संकलन केन्द्र तथा मासु पसलहरूको स्तरोन्नति गरी उपभोक्तालाई स्वच्छ तथा गुणस्तरीय पशुजन्य खाद्य पदार्थ उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।
- पशुपालन व्यवसायमा युवा तथा महिला सहभागिता र आकर्षण वृद्धि गर्न सीप विकास सहितको यूवा लक्षित व्यवसायिक पशुपालन तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिकाभित्र उत्पादन भएका दुध, मासु, अण्डा तथा माछाको बजारीकरणका लागि संकलन केन्द्र तथा चिस्यान शृंखला (Cold Chain) व्यवस्थापनमा जोड दिइनेछ।
- मासु तथा दुग्धजन्य पदार्थको गुणस्तर र खाद्य सुरक्षा सुनिश्चित गर्न नियमित अनुगमन र परीक्षण प्रणाली सुदृढ गर्दै लगिनेछ।
- रैथाने असला माछाको संरक्षण तथा प्रवर्द्धनका लागि सम्भाव्यता अध्ययन गरी प्राकृतिक तथा कृत्रिम जलाशयमा माछाका भुरा छोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। मत्स्यपालन व्यवसायलाई प्रोत्साहन गर्न आवश्यक सहयोग तथा अनुदानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## ३. सिँचाई

- खेतीयोग्य उर्वर जग्गामा उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउन सिँचाई कार्यक्रमहरुलाई विशेष प्राथामिकताका साथ अगाडि बढाईने छ। ठूला र मझौला प्रकृतिका सिँचाई आयोजनालाई तहगत सरकारको सहलगानीमा सञ्चालन गरिनेछ।
- तरकारी, फलफुल र परम्परागत बालीमा विध्यमान सिँचाई प्रणालीबाट सिन्चित नभएको स्थानमा आवश्यकता अनुसार पाईप लाईन वा थोपा सिँचाई प्रविधि मार्फत सिचाई गर्ने प्रबन्ध मिलाईनेछ।
- परम्परागत कुलाहरुलाई लागत सहभागीतामा मर्मत संभार गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउन जोड दिईनेछ।
- कृषक तथा कृषि फर्महरूको मागमा आधारमा लागत साझेदारी गरी साना सिंचाई आयोजना कार्यान्वयन गरिनेछ ।

## ४. सहकारी

- सुशासनयुक्त सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्न सहकारीको नियमन, प्रशिक्षण र प्रवर्द्धनलाई प्रभावकारी बनाइनेछ ।
- "**आर्थिक विकासका लागि सहकारी एक उपयुक्त माध्यम हो**" भन्ने स्थापित मूल्य मान्यतालाई अभिबृद्धि गर्दै लगिनेछ ।
- सहकारीका आधारभूत मूल्यमान्यताअनुसार सहकारी संस्थाहरूको प्रभावकारी नियमन गर्दै सदस्यकेन्द्रित सहकारीको सञ्चालनलाई प्रवर्द्धन गरिनेछ।
- सहकारीहरु सँगको समन्वय र सहकार्यमा क्षमता विकास र संस्थागत विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विषयगत सहकारी संस्थासँग सहकार्य गरी व्यवसायिक किसानको उद्यमशीलता विकास तथा कृषिउन्मुख उत्पादनमूलक सहकारी संस्थाको प्रवर्द्धन गरिनेछ।
- महिला उद्यमीहरूको विकास गर्न लैंगिक समानता तथा सशक्तिकरण मार्फत महिला विकासका लागि महिला सहकारी संस्थाहरुको प्रवर्द्धनमा विशेष जोड दिईनेछ।
- सहकारी संस्थाहरूमा वित्तीय सुशासनलाई जोड दिदै अभिलेख प्रणालीलाई सुदृढीकरण गर्न सबै कारोबारलाई प्रविधिमैत्री बनाउन जोड दिईनेछ।

## ५. उद्योग, वाणिज्य र आपूर्ति

- दिगो विकास सम्बन्धी पहिलो लक्ष्य **गरिवी घटाउन** सघाउ पुग्ने गरी गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्थानीय स्रोत, साधन, श्रम, सीप र प्रविधिको उपयोग गर्दै आय आर्जनका क्रियाकलाप मार्फत स्वरोजगारका अवसर सिर्जना गरिनेछ।
- **"आँधीखोला गाउँपालिका हाम्रो स्वाभिमान, विदेश गएका युवाहरू गाउँ फर्क अभियान"** अन्तर्गत सेवा निवृत्त जनशक्ति लक्षित गरी स्थानीय स्तरमा घरेलु तथा लघु लगायतका उद्योग, व्यवसाय सञ्चालन गर्ने व्याक्तिलाई उद्योग सञ्चालन गर्नु पूर्व आवश्यक भौतिक निर्माणमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।
- उत्पादन, उत्पादत्व र बजारमा प्रतिस्पर्धा वृद्धि गर्नको लागि समूहमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ। व्यवसायिक क्षमता र दक्षता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको बजारीकरणलाई टेवा पुग्ने खालका क्रियाकलाप सञ्चालन गर्न जोड दिईनेछ। उद्योग ग्राम तथा कृषिजन्य उद्योग स्थापना गर्न प्रयत्न गरिनेछ।
- गुणस्तरहीन एवं म्याद नाघेका वस्तुको विक्री वितरण रोक्न, एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमन गरी उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाईनेछ।
- मसला बाली (अदुवा, मरिच, टिमुर, खुर्सानी, बेसार) लगायत उत्पादनको प्रशोधन मार्फत उद्योगको रूपमा विकास गरी आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।
- परम्परादेखि विभिन्न जाति तथा समुदायको मुख्य पेशाको रूपमा रहेको आरन, टेलरिङ, सिकर्मी, डकर्मी, कालीगढ जस्ता परम्परागत व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गरी घरेलु उद्योगको रूपमा प्रर्वद्धन गरिनेछ।
- निजी क्षेत्रको सहभागितामा विकास निर्माणको अभियानलाई प्रभावकारी बनाउनका लागि वडा समिति मार्फत संस्थागत संरचना निर्माण गरी मुख्य मुख्य बजार क्षेत्रको केन्द्रमा व्यापार तथा व्यवसाय प्रबर्द्धन गर्न आवश्यक पहल गरिनेछ।

## ६. पर्यटन र संस्कृति

- आँधीखोलाको मौलिक पहिचानको रुपमा रहेको गोरूजुरेमा त्रेतायुगको ऐतिहासिक पहिचान झल्किने गरि राजा दशरथको शालिक निर्माण गरिनेछ ।
- आन्तरिक तथा वाह्या कारणबाट पर्यटन क्षेत्रको विकासमा परेको प्रभावको अध्ययन गरी दिगो पर्यटनका कार्यक्रम कार्यान्वयन गरिनेछ।
- पर्यटनसँग सम्बन्धित क्रियाकलापहरुको समग्र नीतिगत व्यवस्थापन तथा प्रबर्द्धन गर्न पालिकास्तरीय पर्यटन विकास समिति गठन प्रकृया अगाडि बढाईनेछ।

- अन्धाअन्धी र श्रवणकुमार क्षेत्रको विकास, प्रचारप्रसार तथा प्रबर्द्धनलाई टेवा पुर्याउन धार्मिक पर्यटनको माध्यम मार्फत आँधीखोलाको पहिचान अन्तराष्ट्रिय जगतमा स्थापित गर्न पहल गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका मुख्य पर्यटकीय केन्द्रको अन्तर सम्बन्धलाई मजबुत बनाउन सेतिदोभान - आग्री गुफा — भुद्रुमपोला - म्हाँजु भन्ज्याङ्ग — हिलेथाप्ले — सिरुवारी - गोरुजुरे - डहरे देउराली - अन्धाअन्धी — जुम्लीठाना - श्रवणकुमार - पञ्चासे - कालाभैरव कोट - नेपाने - तपश्वी कुटी - चुले सिद्ध गुफा हुँदै पुनः सेतिदोभान जोड्ने चक्रिय पदमार्ग निर्माण गरी नयाँ गन्तव्यको पर्यटन क्षेत्रको हवको रूपमा विकास गरिनेछ।
- फूलवारी झरना तथा ठूली र सानी झरनामा क्यानोइङ, रक क्लाइम्बिङ लगायत साहसिक पर्यटनको विकासका लागि अध्ययन गरिनेछ साथै पर्यटनलाई रोजगारीसँग आबद्ध गर्न सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ।
- प्रसिद्ध धार्मिक क्षेत्रमा पर्यटन प्रबर्द्धन का लागि स्थानीय समुदायमा प्रचलनमा रहेका जात्रा, महोत्सव, मान्यतामा आधारित रहेर स्थानीय सस्कृतिको जगेर्ना गर्न धार्मिक पर्यटकीय क्षेत्र लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय उत्पादनको प्रवर्द्धन, बजारीकरण तथा बिक्री वितरणलाई सहज बनाउन थप गन्तव्यमा कोसेली घर सञ्चालन गरिनेछ।
- स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्दै धार्मिक पर्यटनमा जोड दिइनेछ। पर्यटकीय स्थानको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गरी पर्यटन प्रबर्द्धनलाई व्यवस्थित बनाईनेछ।
- नेपालको पहिलो ग्रामीण पर्यटकीय **सिरुवारी सामुदायिक होमस्टे**लाई घरबास पाठशालाको रुपमा विकास गर्न समन्वयात्मक भूमिका निर्वाह गरिनेछ। नयाँ स्थानमा होमस्टेको विस्तार गर्दै लैजाने नीति लिईनेछ।
- पर्यटन मार्गको निर्माण तथा ऐतिहासिक र परम्परागत रुपमा रहेका मठ, मन्दिर, गुफा, कोट लगायतका सम्पदाको संरक्षण र सम्वर्द्धन गरी पर्यटकीय गन्तब्यको रूपमा विकास गरिनेछ।
- स्थानीय समुदायमा प्रचलनमा रहेका चाडपर्व लक्षित गरि समुदाय विशेषका कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

## ख. सामाजिक विकास क्षेत्र

### १. शिक्षा

- स्थानीय पाठ्यक्रम हाम्रो आँधीखोलालाई समयानुकुल परिमार्जन गरी यस बर्ष ६,७ र ८ कक्षाको पाठ्यपुस्तक लेखन तथा छपाई गरि स्थानीय पाठ्यक्रमलाई कक्षाकोठामा अनिवार्य पठनपाठनको ब्यवस्था मिलाईनेछ ।

- शिक्षालाई आधुनिक सूचना प्रविधिसँग जोडेर समयानुकुल प्रतिस्पर्धी दक्ष जनशक्ति उत्पादन गर्न प्रत्येक माध्यमिक तहका कक्षाकोठामा स्मार्ट वोर्ड जडान तथा आधारभूत कक्षामा प्रोजेक्टर जडान गरिनेछ ।
- सामुदायिक विद्यालयवाट SEE परीक्षामा ४ जिपिए ल्याउने विधार्थीलाई रु १ लाख नगद पुरस्कार प्रदान गरी विधार्थीको हौसला अभिवृद्धि गरिनेछ ।
- वालवालिकाको नेपाली भाषाको भाषिक क्षमता अभिवृद्धि गर्न गत वर्ष देखि सवै विद्यालयमा १-३ सम्म सञ्चालित रुम टु रिड सँगको साझेदारीमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।
- बालमैत्री तथा सिकाइमैत्री कक्षा कोठा तयार गर्न बाल कक्षा देखि तीन कक्षा सम्म छापामय कक्षा कोठा, बालमैत्री फनिचरको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गरि लिडर विद्यालयको रुपमा विकास गरिनेछ ।
- फिडर विद्यालयको अनुगमन, परीक्षा व्यवस्थापन, नतिजा समिक्षा लगायतका सम्पूर्ण क्रियाकलापमा लिडर विद्यालयको भूमिका बढाइनेछ ।
- विभिन्न विषय अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृति प्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र निजी तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकलाई प्रविधिमैत्री बनाउन क्रमशः (AI) तथा सूचना प्रविधि तालिम सञ्चालन गरिनेछ ।
- प्रचलित कानून तथा संघीय शिक्षा नीति सँग अन्तरआवद्वता गर्दै क्रमशः विद्यार्थी संख्या औषतमा न्यूनतम मापदण्ड भन्दा कम भएका विद्यालयको नक्साङ्कन, समायोजन तथा एकीकरण, स्थगन, दरबन्दी मिलान गरी विद्यालय व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानूनि तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिनेछ ।
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई सघन रुपमा कार्यान्वयन गरी यसै वर्ष अनिवार्य तथा निःशुल्क शिक्षा गाउँपालिका घोषणा गर्न पहल गरिनेछ ।
- विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकालाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- संस्थागत विद्यालयको कानून बमोजिम सञ्चालन र व्यवस्थापन गर्न विभिन्न सूचकको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागू गरिनेछ ।

- विषयगत शिक्षकको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा विज्ञ शिक्षकको अनुभवलाई उपयोग गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।
- **<u>"उत्कृष्ट शैक्षिक गन्तव्य आँधीखोला गाउँपालिका हाम्रो पहिचान"</u>** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापना र सुदृढीकरणको नीति लिइनेछ।
- हरेक शुक्रवार विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिइ **<u>शिक्षासँग खेलकुदको अवधारणा</u>** अवलम्बन गरिनेछ ।
- शिक्षा क्षेत्रमा सकारात्मक, गुणात्मक, नतिजामूलक परिवर्तन गर्न विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत अध्यक्ष शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ ।
- **<u>"हाम्रो विद्यालय, राम्रो विद्यालय"</u>** निमार्णका लागि सम्बन्धित विद्यालय अभिवावक तथा सरोकारवालालाई स्वम् जिम्मेवार बनाउन प्रयत्न गरिनेछ ।
- सम्पूर्ण विद्यालयमा योग्य, सक्षम, प्रतिस्पर्धी तथा व्यवसायिक शिक्षकको व्यवस्थापन गर्दै उत्प्रेणा, पेशागत नैतिकता तथा सक्षमता अभिवृद्धि गरिनेछ । शिक्षकहरुको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धीसँग जोडिनेछ ।
- विद्यालय भवन ,छात्रावास, शौचालय निर्माण, सुरक्षित घेरावार, स्वाच्छ खानेपानी, सुरक्षित खेलमैदान, फूलबारी, करेसावारी, बगैंचा निर्माण जस्ता कार्यलाई विषेश जोड दिइनेछ ।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रकृयाको अभिन्न अंगका रुपमा एकीकृत गर्दै शिक्षालाई प्रविधिमैत्री व्यवहारिक र नतिजामूलक बनाइनेछ ।

## २. स्वास्थ्य

- स्वास्थ्य सम्बन्धि मौलिक हक सुनिश्चित गर्नका लागि आधुनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत गुणस्तरीय प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई विकास र विस्तार गर्दै लगिनेछ।
- आँधीखोला आधारभूत अस्पतालको नयाँ भवनको निर्माण कार्य सम्पन्न गरी सेवा विस्तार गर्दै प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिईनेछ ।

- ज्येष्ठ नागरिकको स्वास्थ्य समस्या समयमै पहिचान, उपचार र निगरानीका लागि श्रवणकुमार ज्येष्ठ नागरिक गाउँघर स्वास्थ्य केन्द्रलाई व्यवस्थित गर्दै सेवाको डिजिटल अभिलेखीकरण तथा रिपोर्टिङ प्रणाली लागू गरिनेछ।
- बाल स्वास्थ्य, किशोरावस्था, प्रजनन स्वास्थ्य सुधार कार्यक्रम सहित खोप र पोषण सेवालाई थप पहुँचयोग्य वनाइदै लगिनेछ।
- One Health Approach लाई संस्थागत गर्दै मानव, पशु र वातावरणीय स्वास्थ्यको एकीकृत संरक्षण तथा प्रवर्द्धनका लागि बहुक्षेत्रीय समन्वयमा रोग रोकथाम, स्वास्थ्य प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा, वातावरणीय सरसफाइ, प्रतिजैविक प्रतिरोध न्यूनीकरण र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य संस्थामा औषधी, औषधीजन्य सामग्री तथा भ्याक्सीनको आपूर्ति व्यवस्थापनलाई सुद्धृढ गर्दै औषधीको अनुचित प्रयोग गर्ने, गराउने परिपाटीलाई निरुत्साहित गर्न प्रयत्न गरिनेछ।
- मुख, नाक, कान, घाँटी र आँखा सम्बन्धी सेवालाई आवश्यक्ताको आधारमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- स्वास्थ्य सेवा सञ्चालन तथा सुद्धृढीकरण गैरसरकारी, निजी, सामुदायिक, सहकारी साझेदारी संस्थाहरुसँग सहकार्य गरिनेछ।
- स्वास्थ्य संस्थाको सेवालाई पूर्ण डिजिटल अभिलेख र प्रतिवेदन प्रणालीलाई थप विकास गर्दै लगिनेछ।
- स्वास्थ्य बिमा सेवालाई सबैको पहुँचमा पुर्याउन समुदायमा जनचेतना अभिवृद्धि सहित पालिका भित्र आधारभूत अस्पताललाई एक रेफरल र उपचारात्मक सेवाको रुपमा सञ्चालन गर्दै लगिनेछ।
- विपद् तथा महामारीजन्य रोगको नियन्त्रण तथा रोकथामको लागि Emergency Health Preparedness Plan वनाई लागु गरिनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको उच्च सम्मान गर्दै स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको प्रभावकारी कार्यसम्पादनमा निरन्तर प्रोत्साहन गर्न प्रदान गरिँदै आएको प्रोत्साहन सुविधा नियमित रूपमा उपलब्ध गराइनेछ।
- नसर्ने रोग (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटुरोग तथा मिर्गौलासम्बन्धी रोग) को रोकथाम, समयमै पहिचान र व्यवस्थापनका लागि नियमित स्क्रिनिङ, स्वास्थ्य प्रवर्द्धन, जनचेतना अभिवृद्धि तथा उपचार सेवामा नागरिकको पहुँच विस्तार गरिनेछ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा सबै नागरिकको पहुँचमा विस्तार गरी आत्महत्या रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन, निःशुल्क परामर्श, रेफरल सेवा तथा विपन्न र जोखिममा रहेका व्यक्तिहरूलाई आवश्यक सहयोग र आर्थिक सहायता उपलब्ध गराइनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नीजि तथा सरकारी संस्थाको सहयोगात्मक सुपरिवेक्षण, अनुगमन, मुल्याङ्कन, जनशक्तिको विकास, क्षमता अभिवृद्धि, कामका आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ।

- नागरिक आरोग्य केन्द्रको सेवा सबै वडामा पहुँचयोग्य बनाउँदै स्वस्थ जीवन, समृद्ध भविष्य' आजैबाट स्वास्थ्यको सुरुवात गरौं भन्ने नाराका सहित जीवनशैली प्रवर्द्धन गर्न समुदाय तथा विद्यालयस्तरमा आयुर्वेद र योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

### ३. खानेपानी

- खानेपानी र सरसफाई क्षेत्रमा दिगो विकासका लक्ष्य हासिल गर्नका लागि लगानी वृद्धि, सेवा, दक्षता, प्रभावकारिता र सुशासन कायम गर्न प्रयत्न गरिनेछ।
- प्राकृतिक विपद् प्रभावित तथा अधुरा खानेपानी आयोजनाको निर्माण , मर्मत र सन्चालन गरी शुद्व खानेपानीको पहुँच पुर्याईनेछ ।
- निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी NWASH प्लान बमोजिमका कार्यक्रम तय गरि लागु गरिनेछ ।
- खानेपानीका श्रोतको क्षमता नक्साङ्कनका लागी पूर्व सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ।
- जलाशययुक्त खानेपानी आयोजना र भूमिगत पानी स्रोतको पुनर्भरणलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिका र उपभोक्ताको सह लगानीमा खानेपानी र सरसफाईका आयोजना एकीकृत रुपमा कार्यान्वयन गरिनेछ ।
- दिगो विकासका लक्ष्य पूरा गर्नका लागी स्वच्छ पानी र सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सन्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका वडा, टोल र समुदायमा दैनिक रुपमा संकलन भईरहेको फोहरजन्यवस्तुहरु र सरसफाई कार्यलाई तीव्रता र निरन्तरता दिईनेछ ।
- खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत <u>**एक घर एक धारा**</u> कार्यक्रम लाई निरन्तरता दिदै संघ र प्रदेश अन्तरगत रहेका आयोजनाहरुमा दोहोरोपन नहुनेगरी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता सुनिश्चित गरिनेछ ।

### ४. महिला, दलित तथा जनजाति

- मानव बेचबिखन, असारपोसार, लैङ्गिक हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोकी समतामूलक समाज निर्माण गर्नको लागि हिंसा तथा दुव्यर्बहार प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- महिलाको सीप, क्षमता र दक्षता अभिवृद्धि गरि आय आर्जनमा वृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम सम्वन्धी एकीकृत कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।
- एकल, दलित, विपन्न तथा जोखिममा रहेका महिलालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिले लक्षित गरेका निर्देशन कार्यान्वयन गर्न पहल गरिनेछ ।
- राजनैतिक, प्रशासनिक, सामाजिक, आर्थिक क्षेत्रमा महिला, दलित र जनजातिहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ।
- कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा दुव्यर्वहारलाई न्यूनीकरणको लागि नीतिगत र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ।
- आमा समुहको संस्थागत क्षमता विकास गरी टोल वस्तीमा सृजनात्मक, रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरी समाजमा लैङ्गिक आधारमा हुने भेदभाव तथा हिंसाजन्य गतिविधिलाई निरुत्साहित गर्न र पिडितको उद्धार, अल्पकालीन बसोवास जस्ता कार्यक्रम सञ्चालनमा ल्याईनेछ।
- सामाजिक विभेद विरुद्धको जनचेतनाको लागि प्रभावकारी अभियान संन्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- महिला, दलित तथा जनजाति र विपन्न समुदायको सरकारी सेवाप्रति आकर्षण गर्न लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग लगायतका तयारी कक्षा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्रका सबै प्रकारका पूर्वाधार र कार्यक्रमलाई महिलामैत्री बनाउँदै लगिनेछ।
- दलित समुदायको भावनालाई उच्च सम्मान गर्दै जातिय बिभेदको अन्त्य गर्नका लागि दिवसीय कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५. वालवालिका

- बालविवाह, बालश्रम तथा बालहिंसा विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ईन्टरनेट तथा सामाजिक सञ्जालको सुरक्षित प्रयोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिका माथि भेदभाव, यातना, दुव्यर्वहार तथा जोखिमबाट मुक्त गराउन बनेका नीतिगत र संस्थागत संरचनालाई शसक्त बनाउँदै लगिनेछ।
- बालमैत्री स्थानीय शासनको प्रबर्द्धन गर्दै अन्तराष्टिय बालअधिकार सम्बन्धी महासन्धी एवं राष्ट्रिय नीतिले समेत निर्देश गरेको बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकारलाई सुनिश्चित गर्दै बालबालिकाको शैक्षिक, बौद्विक साथै नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- बालवालिकाको श्रृजनात्मक क्षमता अभिवृद्दि र मनोरञ्जनका लागि **"एक वडा एक बाल उद्यान पार्क"** को स्थापना गर्न पहल गरिनेछ।
- आपतकालीन बालउद्धार कोष स्थापना गरी दुव्यर्बहार पिडित बालबालिकाको उद्दार कार्यमा सहयोग गरिनेछ।
- अभिभावकविहिन बालबालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ।
- बालबालिकाको तथ्याङ्क संकलन तथा अद्यावधिक कार्यलाई निरन्तरता दिईनेछ।

- बालबालिकाभित्र रहेको विशेष खालको प्रतिभालाई विकास गर्नको लागि **"एक विद्यालय, एक प्रतिभा कार्यक्रम"** सञ्चालनमा ल्याईनेछ।
- स्थानीय बालमैत्री कार्यक्रमलाई निरन्तरता दिँदै सवै प्रकारका पूर्वाधार र कार्यक्रमलाई बालमैत्री बनाउँदै लगिनेछ।

## ६. अपाङ्गता भएका व्यक्ति

- अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क तथा प्रोफाइल निर्माण गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिको पहिचान गरी विभिन्न निकायहरुको समन्वयमा आयमूलक कार्यमा संलग्न गराई जिवनयापनमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको दैनिक जिवनयापनमा सहजता प्रदान गर्न आवश्यक सहायक सामाग्री वितरण गरिनेछ ।
- आफ्नो हेरचाह आफैं गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ।
- अपाङ्गता भएका भएका व्यक्तिको समाजमा सम्मानजनक ढङ्गले जीवनयापन गर्ने वातावरण तयार गरिनेछ।
- राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्नका लागि नीतिगत र संस्थागत संरचनाको व्यवस्था गरिनेछ।
- सार्वजनिक संरचनालाई पूर्ण रुपमा अपाङ्गमैत्री बनाउदै लगिनेछ।

## ७. युवा तथा खेलकुद

- पालिकास्तरिय खेल मैदान निर्माण गरिनेछ । साथै वडा तहमा समेत खेलमैदान निर्माणका लागि पहल गरिनेछ ।
- विद्यालयमा अध्ययन गर्ने विद्यार्थीमा खेलकुद सम्बन्धी प्रतिस्पर्धी क्षमताको विकास गर्न राष्टपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिईनेछ ।
- युवालाई रोजगारसँग जोड्न तथा परम्परागत सिपलाई प्रमाणिकरण गर्न सिप परीक्षण कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- अध्यक्षसँग युवा कार्यक्रम अन्तर्गत गाउँपालिकामा रहेका युवा क्लवलाई संस्थागत क्षमता विकासका कार्यक्रम तयार गरि कार्यान्वयन गरिनेछ ।

## ८. ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकको संरक्षण र सामाजिकसुरक्षा लाई प्रभावकारी बनाउँदै सम्मान र प्रोत्साहनको नीति अवलम्बन गरिनेछ।
- ज्येष्ठ नागरिक सम्मान तथा अन्तरपुस्ता अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिक पार्क तथा दिवा सेवा केन्द्र सञ्चालनमा ल्याईनेछ ।
- ज्येष्ठ नागरिकमैत्री सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ।

## ९. रोजगारी

- गाउँपालिकामा दर्ता भएका सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना मार्फत समुदायको विकाससँगै रोजगारीको प्रत्याभूति गराइनेछ। साथै तहगत सरकारको समन्वयमा स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- रोजगार आयोजना सञ्चालन गर्नका लागि साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित क्षमता विकास तालिम तथा रोजगारीमा खटिनुपूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाउन वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारहरूको व्यक्तिगत श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशील बनाउन आन्तरिक रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका व्यक्तिहरू दुर्घटना वा बिरामी भई अंगभंग भएमा वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक सहायता लिनका लागि सहजीकरण गरिनेछ।
- रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान र विकास गर्नका निमित्त रोजगार संवाद मञ्च गठन तथा सञ्चालन गरिनेछ।
- श्रम संसार प्रणाली लगायत डिजीटल प्रणाली प्रयोग मार्फत रोजगारी खोजीमा रहेका लक्षित बर्गलाई रोजगारदातासँग समन्वय गर्दै रोजगार मिलान( Job Matching) तथा सूचना प्रवाह सेवा प्रदान गरिनेछ।
- गाउँपालिकालाई बालश्रम मुक्त बनाउने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

## <u>१०.वित्तीय साक्षरता तर्फ</u>

- वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूलाई बचत र बजेट व्यवस्थापनको आधारभूत ज्ञान तथा व्यवहारिक सीप प्रदान गर्दै आम्दानीको सही उपयोग, खर्चको प्राथमिकता निर्धारण, नियमित बचत, लगानी तथा आय—व्यय व्यवस्थापनमार्फत जिम्मेवार वित्तीय व्यवहार र आर्थिक अनुशासन विकास गरिनेछ।

- वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण (रेमिट्यान्स) को उत्पादनशील उपयोग सुनिश्चित गर्दै आयलाई उपभोगमुखी भन्दा लगानीमुखी बनाउन वित्तिय साक्षरता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बैंक तथा वित्तीय संस्थासँगको सम्झौताको कार्यान्वयन गरी समुदायस्तरमा वित्तीय ज्ञानलाई व्यवहारिक रूपमा लागू गराउने उद्देश्यले थप कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीमा रहेका घरपरिवारको लागि पासवुकको ब्यबस्था गरी बचत वृद्धि योजनामा सहभागी गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

## ग. भौतिक पूर्वाधार क्षेत्रः

### १. सडक

- बैकल्पिक राजमार्गको रुपमा रहेको पुतलीखेत कार्कीनेटा सडक स्तरोन्नतिको कार्यलाई समन्वयात्मक रुपमा अगाडि बढाईनेछ ।
- सार्वजनिक आवागमनलाई व्यवस्थित रुपमा सूचारु राख्न सडक किनारामा राखिएका निर्माण सामग्री लगायतका बस्तुहरुलाई हटाउने नीति लिईनेछ ।
- स्वीकृत आयोजनाहरुमा जनताको सक्रिय सहभागितालाई अभिबृद्धि गराउन नगद सहभागिता अवधारणालाई परिमार्जन गरी लागू गरिनेछ ।
- सडकको थप स्तरोन्नति गरी नयाँ ट्र्याक खोल्ने सडकका हकमा निश्चित मापदण्ड बनाई लागू गरिने नीति लिईनेछ ।
- नमूना सडक निर्माणको कामलाई यस बर्ष पनि निरन्तरता दिईनेछ ।
- पालिकाको केन्द्र बाट वस्ती र अन्य महत्वपुर्ण ठाउँहरुमा पुग्ने सडकहरुलाई प्राथमिकताका आधारमा स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्रोत्साहित गरिनेछ
- पालिका चक्रपथ निर्माणको अवधारणालाई मूर्तरुप दिईनेछ ।
- सडकको दायाँबायाँ बायो-ईन्जिनियरिङ प्रविधिको प्रयोग गरि भु-क्षय रोकथाम सम्वन्धी कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।
- सडक निर्माणका काममा कम्तीमा ५० प्रतिशत स्टक्चरको काम गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- रणनीतिक महत्वका सडकमा सडक यातायात गुरुयोजनाले निर्धारण गरेको मापदण्ड लागू गरिनेछ।
- स्थानीय आवश्यकता अनुसार नयाँ झोलुङ्गेपुल निर्माण र मर्मत सम्भार गरी सञ्चालन हुने झोलुङ्गेपुल लाई आबश्यकता अनुसार मर्मत सम्भार गरिनेछ ।

- RMTMP（RURAL MUNICIPALITY TRANSPORTATION MASTER PLAN ）ले तोकेको सडक मापदण्ड अनुसार जग्गाको लगत कट्टा गर्ने कार्य कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- उपभोक्ता समितिद्वारा सञ्चालन गरिने योजनाहरु हरेक वर्षको फाल्गुन मसान्त अगावै सम्पन्न गराउने नीतिलाई निरन्तरता दिईनेछ ।
- शाखा सडकको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नति गर्ने नीति अवलम्बन गरिनेछ ।
- पालिकावाट निर्माण भएका पक्की सडकका खाल्टाखुल्टीहरुलाई पुर्ने तथा नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाईनेछ ।साथै सडकको दाँया बायाँ रहेका झाडी तथा नाली सफा गर्नको लागि लेन्थ वर्करको व्यवस्था गरिनेछ ।

## २.बस्ती विकास,शहरी योजना तथा भवन निर्माण

- सार्वजनिक सम्पत्ति तथा जनधनको सुरक्षा प्रत्याभुति गराउन तथा सुरक्षा संयन्त्रलाई प्रभावकारी बनाउन संरचनागत सुधारका लागि आबश्यक पहल गरिनेछ ।
- गाँउपालिका भित्र बसोबास गर्ने जनताको सुरक्षित आबासको हकलाई प्रत्याभुत गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाभित्र बसोबास गर्ने अति विपन्न नागरिकहरुको सुरक्षित आवासको हकलाई प्रत्याभुत गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाभित्र रहेका सानासाना बजारलाई व्यवस्थित बनाउन भित्री बाटाहरुको स्तरोन्नति गर्दै लगिनेछ ।
- प्रमुख प्रशासकीय भवन तथा अन्य सरकारी भवनहरुलाई बालमैत्री, ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्ग मैत्री बनाउन पहल गरिनेछ ।
- सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइने छ ।

## ३. उर्जा र बैकल्पिक उर्जा

- जैविक रुपमा रहेको बायोग्याँस, गोबरग्याँस लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी बैकल्पिक उर्जा उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।
- गाउँपालिका मातहतका सरकारी निकायहरुमा बैकल्पिक उर्जाको कार्यक्रमलाई प्रबर्द्धन तथा मर्मत सम्भारलाई जोड दिइनेछ ।
- मानवीय स्वास्थ्य तथा पर्यावरणीय स्वच्छता कायम गर्न सुधारिएको चुल्हो तथा विद्युतीय ईन्डक्सन चुल्होको प्रयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

- गाँउपालिका भित्र रहेको बिद्युत प्रसारण लाईनलाई ब्यबस्थित गर्न स्टिल पोलले जीर्ण पोलहरुलाई बिस्थापन गरि सकिएको सन्दर्भमा बिद्युत प्रसारण लाईनको मापदण्ड वरिपरिका रुखहरु कटान गरी बिद्युत आपुर्तिलाई सहज बनाईनेछ ।

## घ. वन, वातावरण तथा विपद व्यवस्थापन

### १. वन

- दिगो वन व्यवस्थापनमा आधारित भई वनको संरक्षण र संवर्धन गर्दै वन स्रोतको उचित उपयोग गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समुहलाई सुचीकरण साथै सवलीकरण गर्न कार्ययोजना बमोजिम काम गर्न प्रोत्साहित गरिनेछ।
- सामुदायिक वनको सुदृढ व्यवस्थापन गर्दै वन आधारित स्रोतको उचित उपयोग गरिनेछ।
- सामुदायिक वन क्षेत्रमा चिराईतो, तेजपत्ता, अम्रिसो, कुरिलो, लप्सी, टिमुर, वेतवाँस जस्ता विभिन्न प्रजातिका रुखविरुवा एवं जडिबुटीलाई आधार मानी व्यवसायिक खेती प्रबर्द्धन गर्ने र सामुदायिक वन र निजी वनलाई गोडमेल तथा काँटछाँट गरी वन क्षेत्रमा रहेको गैरकाष्ठ वन पैदावर जस्तैः पात पतिङ्गरमा आधारित लघु उद्यम विकासका कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- निजी वनको प्रबर्द्धनका लागि साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।
- निजी वन क्षेत्र र निजी जग्गामा रहेका कु-काठ हटाई उत्पादनयोग्य जमिनको बढोत्तरी गरी समुदायको आयआर्जन बिस्तारका लागि कृषि र फलफुल तथा जडीबुटी उत्पादनका कार्यक्रम सञ्चालनमा जोड दिईनेछ ।
- सडक क्षेत्रको सौन्दर्य बढाउन बृक्षारोपण र सम्पन्न भएका योजनाहरुमा रंगरोगन लगायतका कामलाई अगाडी वढाउन पहल गरिनेछ ।
- सामुदायिक वन क्षेत्रमा निश्चित मापदण्ड र अनुगमन प्रणालीको कार्यबिधि अपनाई परीक्षणका रुपमा हरिण, मृग, बदेल, कालिज जस्ता वन्यजन्तु र पन्छीहरुको नियन्त्रित व्यवसायिक पालनमा सहजीकरण गरिनेछ।
- वन क्षेत्रमा कृषि हानिकारक जीवजन्तुको व्यवस्थापनमा समन्वय र सहकार्य मार्फत न्यूनिकरण गर्न पहल गरिनेछ।

### २. वातावरण

- एकीकृत जलाधार व्यवस्थापनमार्फत पानी सञ्चय, भूक्षय नियन्त्रण र क्षतिग्रस्त भूमिको पुनर्स्थापनामा जोड दिइनेछ।
- बातावरणीय अध्ययन तथा मूल्याङ्कन प्रक्रिया सरल बनाइनेछ।

- जलस्रोतको दिगो उपयोग, भूमिगत जल पुनर्भरण, ताल तलैया संरक्षण र जलाशय निर्माणमा जोड दिइनेछ।
- नवनिर्मित सडक संरचनाको कारणले साविकका गन्तब्यहरु परिवर्तन भई रहेको हुँदा नयाँ गन्तव्यमा यात्रु प्रतिक्षालय र चौतारी निर्माणको काम गरिनेछ । बर पिपल रहेका चौतारीको संरक्षण र विस्तार गर्ने नीति लिईनेछ।
- पारिस्थितिक प्रणालीलाई दिगो व्यवस्थापन गर्न मौजुदा ताल तलैया, पोखरी, कुवाहरुको संरक्षण र विस्तार गर्ने नीति लिईनेछ। नवनिर्माणको कार्यक्रमलाई समेत प्राथमिकतामा राखी पोखरी पुर्नभरणको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रमलाई निरन्तर अभियानको रुपमा सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशीलतामा वृद्धि गर्न स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना निर्माण गरिनेछ।
- जलमुनिको जीवन, जलचर प्रणाली र पारिस्थितिक प्रणालीको सन्तुलन कायम राख्न आँधीखोला लगायत अन्य सहायक खोलाहरुमा समेत माछाका भुराहरु छोड्ने कार्यलाई निरन्तरता दिईनेछ।
- स्थानीय जलवायु अनुकुलन योजना (LAPA) निर्माण गरीनेछ ।

## ३. फोहोरमैला व्यवस्थापन

- फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था गरी कार्यान्वयनका लागि आवश्यक संस्थागत संयन्त्र स्थापना गरिनेछ । सोका लागि अन्तरस्थानीय तह समन्वय तथा सहकार्य वढाईनेछ।
- फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि स्थानीय जनप्रतिनिधि, कर्मचारी, आमा समूह, टोल विकास संस्था युवा क्लव र विद्यालयसँग सहकार्य गरि स्थानीय स्तरमा महशुस गरिने खालका कार्यक्रम सञ्चालन गरिनेछ र फोहोरलाई कुहिने र नकुहिने गरी बर्गीकरण गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ।
- फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने व्यवसायलाई प्रोत्साहित गरिनेछ । सोका लागि अध्ययन कार्यदल गठन गरी आबश्यक कार्ययोजना वनाई लागू गरिनेछ।
- फोहोरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र निर्माण गरिनेछ ।
- आँधीखोलाको सभ्यतालाई अच्छुण राख्न समुदायलाई उत्प्रेरित गरी बृहत आँधीखोला सरसफाई अभियान सञ्चालन गरिनेछ। स्थानीय खोला, खोल्सीहरुमा समुदायको अगुबाईमा सरसफाई सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

### ४. विपद व्यवस्थापन

- विपदका समयमा तत्काल आईपर्ने समस्या समाधानका लागि घटनास्थलमा खर्च गर्न सकिने विपद व्यबस्थापन कोषलाई प्रभावकारी बनाईनेछ।
- जलवायु अनुकुलन तथा विपद व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी विपद व्यवस्थापनमा सूचना प्रबिधिको प्रयोगलाई बढाउँदै सूचना संकलन र सम्प्रेषण प्रणाली सञ्चालनमा ल्याईनेछ।
- बाढी, पहिरो, भूकम्प, आगलागि जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा आवश्यक पूर्व सावधानी अपनाउँदै राहत, उद्दार र पुर्नस्र्थापनाका कार्यक्रमलाई मौजुदा साधन स्रोतको अधिकतम परिचालन गरीनेछ।जसका लागि अन्तर-पालिका, सरकारी तथा गैरसरकारी निकाय विच समन्वयात्मक ढंगले कार्यक्रम र स्थानीय एकिकृत आकस्मिक सेवा सञ्चालन गरिनेछ।
- संघ, प्रदेश र अन्तरपालिका समन्वयमा विपद पूर्बतयारी, जोखिम आकलन, विपद पूर्बचेतावनी, विपद प्रतिकार्यको तयारी तथा विपद न्यूनीकरण र पुनर्लाभिका क्रियाकलापहरु सञ्चालन गर्न बिद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाईनेछ।
- जलाधार क्षेत्र र तटीय क्षेत्र व्यवस्थापनका लागि तटबन्ध लगाई जोखिम नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ। बाढी पहिरो लगायत जलवायुजन्य जोखिममा रहेका बस्ती तथा बिस्थापित परिबारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ।
- मुख्य तथा सहायक खोलाहरूमा नदीजन्य पदार्थको अनियन्त्रित दोहन रोक्न, जथाभावी उत्खननबाट हुन सक्ने प्राकृतिक, भौतिक तथा मानबीय क्षतिलाई न्युनीकरण गर्न उक्त पदार्थको दिगो, नियमित र सहज आपूर्ति सुनिश्चितता कायम गर्न पहल गरिनेछ।

## ङ. संस्थागत विकास,सेवा प्रवाह र सुशासन

### १. क्षमता विकास

- टोल विकास संस्थाका पदाधिकारी र उपभोक्ता समितिलाई क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना गर्न पहल गरिनेछ ।
- टोल विकास संस्था र आमा समूह, युवा क्लब, बालक्लब, अपाङ्गता भएका व्यात्ति तथा विपन्न वर्गहरुको क्षमता विकास गर्दै उद्यमशील कार्यक्रमहरुमा लाग्न उत्प्रेरित गरिनेछ।सामाजिक संस्थाहरुलाई पूर्वाधार तथा सहायक सामाग्री वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- जनप्रतिनिधि, शिक्षक, राष्ट्रसेवक कर्मचारीको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- क्षमता विकास योजना अनुसारको कार्यक्रमहरु प्राथमिकताका आधारमा कार्यान्वयनमा लगिनेछ।

## २. सार्वजनिक जग्गा संरक्षण

- समयसापेक्ष पालिकाको भु-उपयोग योजना औचित्यका आधारमा अध्यावधिक गर्दै लगिनेछ ।
- सार्वजनिक बाटोको लगत कट्टाका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ।
- सार्वजनिक जग्गामा बनेका घर भवन सटर टहरा घुम्तीहरुलाई गाउँपालिका अन्तर्गत स्रोत वृद्धिको दायरामा ल्याईने नीति लिईनेछ।साथै नयाँ स्थानमा भौतिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सार्वजनिक जग्गाहरूको पहिचान, लगत संकलन, संरक्षण र उपयोग गरि जग्गाको हालसाविकको कार्य प्रक्रिया साझेदारीका आधारमा शुरुवात गरिनेछ ।जग्गा प्रशासनको काम अन्तर्गत जग्गा नापजाँचको कामलाई निरन्तरता दिईनेछ ।
- सीमा सीमाङ्कनको लागि छिमेकी पालिकासँग समन्वय गरिनेछ ।

## ३. सूचना तथा संचार प्रविधि

- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System - GIOMS) कागजी फाइलको आवतजावतलाई कम गर्न आन्तरिक दर्ता, चलानी र टिप्पणी उठाउने कार्यलाई पूर्ण रूपमा डिजिटल माध्यममा रूपान्तरण गर्दै **कागजरहित कार्यालय (Paperless Office)** को अवधारणा अगाडी बढाईनेछ।
- सामाजिक संजालको सञ्चालन र प्रयोगलाई प्रभावकारी बनाउन सूचना प्रविधि तथा साईबर सुरक्षा (Cyber Security), विद्युतीय औजारको प्रयोग तथा ज्ञान सम्बन्धी तथा तथ्याङ्क अध्याविधक तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- सरकारी कामकाजमा Artificial Intelligence (AI) कृत्रिम बौद्धिकता जस्ता नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाले सम्पादन गरेका कार्य पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिँदै विद्युतीय शासनको महत्वपूर्ण साधनको रूपमा तयार गरिएको आँधीखोला गाउँपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ।

- पालिका तथा अन्तर्गतका सबै कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट Networking गर्दै E-governance सेवा प्रवाह गर्न वडा कार्यालय, स्वास्थ्य संस्था र माध्यमिक विद्यालयमा इ-हाजिरीको जडान गरी गाउँपालिकाबाट निगरानी गरिनेछ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण घरधुरीलाई डिजिटलाईज्ड तरिकाले सूचीकरण गर्न आँधीखोला गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल तयार गरिनेछ साथै नागरिक बडापत्रलाई प्रविधिमैत्री बनाईनेछ।
- नेपाल प्रहरीसँगको सहकार्यमा मुख्य चोक र संवेदनशील क्षेत्रहरूमा सुरक्षाका लागि एआई (AI Enabled) सीसीटीभी जडान कार्यलाई निरन्तरता दिइनेछ।
- विद्युत आपूर्ति नभएको समयमा सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि Power Backup नियमित मर्मत सम्भार गरिनेछ।
- सबै शाखा र वडा कार्यालयहरूमा चरणबद्ध रूपमा डिजिटल हस्ताक्षर (Digital Signature) र बायोमेट्रिक प्रणालीलाई अनिवार्य गरिनेछ ।
- शाखा, वडा र गाउँपालिकामा विभिन्न यन्त्र तथा उपकरणलाई आवश्यक सर्भर तथा सफ्टेवयर व्यवस्थापन गर्न बजेट व्यवस्थापन गर्न पहल गरिनेछ ।
- पालिकाभित्र रहेका महत्वपूर्ण ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको जानकारी सहितको पम्पलेट, बुकलेट, ब्रोसर, म्याप बुक, वृत्तचित्र र QR कोड सहितको होर्डिङ बोर्ड निर्माण गरी प्रचारप्रसार एवं प्रबर्द्धन गरिनेछ।
- गाउँपालिकाका मुख्य पर्यटकीय क्षेत्र र सार्वजनिक पार्कमा उच्च गतिको निशुल्क वाई-फाई सेवा विस्तार गर्ने।

## ४. पेश्की र बेरुजू फछ्र्यौट

- आर्थिक प्रशासनको वैज्ञानिक व्यवस्थापन गरी लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिइनेछ। देशको विद्यमान स्थितिलाई मध्यनजर राख्दै सार्वजनिक खर्च कम गरी चालु खर्च घटाईने र लेखा प्रणाली लाई सूत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने कामलाई निरन्तरता दिइनेछ।
- चेक मार्फत हुने भुक्तानी अन्त्य गर्दै EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

## ५. सेवा प्रवाह

- वडा स्तरका कार्यालयहरुको पुर्ननिर्माण र मर्मत सम्भारका कार्यक्रम सम्पन्न गरिनेछ ।

- वार्षिक रुपमा गरिएका कार्यक्रमको एकमुष्ठ संगालोको रूपमा उपलब्धि मापन वार्षिक श्वेतपत्र प्रकाशन गरिनेछ।
- सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जवाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायत अन्य सेवाग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- योजना, कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका बिषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित गरिनेछ ।

## ६. सुशासन

- दिगो बिकास लक्ष्यलाई स्थानीयकरण गर्न सवै विषयगत र क्षेत्रगत नीति कार्यक्रमलाई अन्तरआवद्धता गरिनेछ ।
- **<u>“एक प्रकारको विवरण सवै सरकारी सेवामा प्रयोग”</u>** सिद्धान्तमा आधारित रही अन्तरसञ्चालन सरकारी सक्षम डाटावेस विकास गरिनेछ ।
- सरकारी खर्चमा मितब्ययिता कायम गरिनेछ।
- सबै प्रकारको भ्रष्टाचार प्रति शुन्य सहनशिलताको नीति लिईनेछ।
- सूचनाको हकको सुनिश्चितता गर्न सवै सेवा केन्द्रका सूचना अधिकारीको नियमित सूचना तथा जानाकारी आदानप्रदान गर्न स्रोतको सुनिश्चितता गरिनेछ ।
- पालिकाको आवधिक योजनाले लक्षित गरेका योजना र कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## ७. कर्मचारी प्रशासन

- कर्मचारीलाई सेवाप्रति लगनशील, जिम्मेबार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन सम्मान र पुरस्कारको नीति अबलम्बन गरिनेछ। कमजोर कार्यसम्पादन गर्ने कर्मचारीलाई नकरात्मक सूचीमा राखिनेछ । कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विकास गरिनेछ ।
- करार सेवाका कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष सँग आवद्ध गरिनेछ।
- कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न कार्य प्रकृतिको आधारमा जिम्मेवारी प्रदान गरि सेवामा खटाईनेछ ।
- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रबाह लाई जोड दिईनेछ।
- सवै प्रकारको विभेदको अन्त्य गरी स्थानीय तहमा कार्यरत सवै सेवा समुहका शिक्षक र कर्मचारीलाई प्रचलित कानुनको प्रतिकूल नहुने गरी उपलब्ध स्रोत साधनको आधारमा समान सेवा सुविधा उपलब्ध गराईनेछ।

## ८. राजश्व

- राजश्व संकलनलाई पारदर्शी तथा ब्यवस्थित बनाउन पूर्णरुपमा सुत्र रेभिन्यू मोडुलको प्रयोगलाई निरन्तरता दिईनेछ ।

- वडामा दिईने बजेट सिमा निर्धारण गर्दा जनसंख्या , भुगोल र संकलित राजश्व रकमलाई सिमा निर्धारणको आधार बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- आन्तरिक आयलाई सुदृढ तुल्याउन राजश्वका सबै सम्भावना र क्षेत्रको खोजीका साथ प्रगतिशिल र समतामुलक कर प्रणाली लागू गरी जनतामा कर प्रतिको सचेतना अभिवृद्धि गर्दै पालिकाको आन्तरिक आय बृद्धि गर्न जोड दिईनेछ ।
- कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन पुरस्कार र दण्डको नीति अवलम्वन गरिनेछ ।
- बस्ती बस्तीमा पुगी कर संकलन सम्वन्धी चेतनामुलक कार्यक्रम संन्चालन गरि घुम्ती शिविर मार्फत कर संकलनको अभियानलाई प्रभावकारी बनाईनेछ ।

**९.न्यायिक कार्य सम्वन्धी व्यवस्था**

- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैर विभेदकारी र न्यायमूलक बनाउँदै सामाजिक न्यायका आधारमा न्याय सम्पादन गरिनेछ।
- न्यायिक समिति मार्फत जनप्रतिनिधी, कर्मचारी, मेलमिलापकर्ता र टोल बस्तीमा सक्रिय सबै वर्ग र समुदायलाई कानुनी सचेतनाका कक्षाहरु सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवादलाई यथासक्य चाँडो समाधान गरी वास्तविक न्यायकोअनुभुति गराईनेछ ।
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरु संन्चालन गरिनेछ ।
- न्यायिक समितबाट प्रदान गरिने सेवालाई प्रभावकारी र परिष्कृत बनाउदै लगिनेछ ।

**१०.सामाजिक सुरक्षा, राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण**

- Electronic fund transfer (Eft) प्रणाली मार्फत सामाजिक सुरक्षा भत्तालाई भुक्तानी गर्नै कार्यलाई व्यवस्थित बनाउँदै लगिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजीक सुरक्षा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन कर्मचारीहरुको लागी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- व्यतिगत घटना र सामाजिक सुरक्षा भत्ता वितरण कार्यका अभिलेख प्रणालीलाई व्यवस्थित गरिदै लगिनेछ ।
- राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई सामाजिक सुरक्षा प्रणालीसँग आबद्ध गर्न आवश्यक कार्य प्रक्रिया अगाडी बढाउन प्रयत्न गरिनेछ ।

**११. जिन्सी व्यवस्थापन र सार्वजनिक खरिदः**

- सार्वजनिक खरिदलाई व्यवस्थित गर्न सम्पूर्ण खरिदप्रक्रिया लाई नेपाल सरकारको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS V2) मार्फत खरिदलाई व्यवस्थित गरिनेछ ।
- सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न संघीय सरकारको खरिद प्रक्रियाको प्रतिकूल नहुने गरि कार्यान्वयन गरिनेछ ।

## १२. गैर सरकारी तथा निजी क्षेत्र

- राष्ट्रिय एवं अन्तराष्ट्रिय सामुदायिक एवं गैर सरकारी संघ सस्थासँग सामाजिक विकासमा साझेदारी गर्दै ति संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाई पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न **"एन जि ओ डेस्क"** स्थापना गरीनेछ ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई आयोजना तथा कार्यक्रमको स्वरुप अनुसार वास्तविक कार्य नीतिमा परिणत गरिनेछ। विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै व्यवहारिक रुपमा लागू गरिनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

सामाजिक, आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तिब्रता दिने अठोटका साथ आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्ताब गरेको छु।

आँधीखोला गाउँपालिकाको समृद्धि र विकासमा एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाबलाई संरक्षण तथा निरन्तरता दिन साथ दिनुभएकोमा गाँउपालिका भित्रका बिभिन्न राजनैतिक दल, बुद्धिजीवी, समाजसेवी, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चारजगत लगायत सम्पूर्ण दाजुभाई दिदिबहिनी लगायत सहयात्राका सारथी जनप्रतिनिधि र कर्मचारी मित्रहरु प्रति बिशेष आभार व्यक्त गर्न चाहान्छु। साथै भबिष्यमा समेत सोही प्रकारको भूमिकाको अपेक्षा गर्दछु।

प्रत्यक्ष प्रशारण मार्फत हामीलाई सुन्नुहुने र देख्नुहुने सम्पूर्ण महानुभाव प्रति कृतज्ञता ज्ञापन गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु।

**धन्यवाद नमस्कार !!!**

विश्वनाथ पौडेल
अध्यक्ष
आँधीखोला गाउँपालिका

**ईति सम्वत् २०८३ साल असार ०५ गते रोज् ६ शुभम्**